नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

# भूकम्प आपतकालिन सहायता आयोजना

## जिल्ला आयोजना कार्यान्वयन इकाई

काभ्रेपलाञ्चोक

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि राय सुझावका लागि सार्वजनिक सूचना

**(प्रकाशित मिति २०७२/१२/१८ गते)**

भूकम्प आपतकालिन सहायता आयोजना (EEAP) एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋण सहयोग, स्वीस विकास सहयोग नियोगको अनुदान र प्राविधिक सहयोग तथा नेपाल सरकारको लगानीमा स्थानीय सडक पुर्ननिर्माण तथा पुर्नस्थापन गर्न जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक प्रस्तावक रहेको निम्न सडकहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन कार्यान्वयन गर्ने सिलसिलामा वातावरण संरक्षण नियमावली २०५४ (पहिलो संशोधन, २०५५) को नियम ७ (२) अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | प्रस्तावीत सडकको नाम | प्रभावीत गा.वि.स. र नगरपालिका | प्रस्तावको विवरण |
|---|---|---|---|
| १ | हिंगुवापाटी(ज्याम्दी(दोलालघाट | महादेबस्थान, चन्डेनिमण्डन र ज्याम्दीमण्डन गा.वि.स.हरु | प्रस्तावित सडक महादेबस्थान गा.वि.स.को हिंगुवापाटीबाट शुरु भई ज्याम्दीमण्डन गा.वि.स.को चा खोला पुल, दोलालघाट (अरनिको राजमार्ग) खण्डमा टुगिन्छ। यस सडकको जम्मा लम्बाई १८ कि.मि र नाली सहितको चौडाइ ६.२५ मि. रहेको छ। |
| २ | कुन्ताबेसी(नयागाँउ(नगरकोट | महादेबस्थान, नयागाँउ देउपुर र बालुवापाटी गा.वि.स.हरु | प्रस्तावित सडक महादेबस्थान गा.वि.स.को कुन्ताबेसीबाट शुरु भई बालुवापाटी गा.वि.स-८ नाल्दुम नगरकोटमा टुगिन्छ। यस सडकको जम्मा लम्बाई १८.२० कि.मि. र नाली सहितको चौडाइ ६.२५ मि. रहेको छ। |

उक्त प्रस्तावको कार्यान्वयन बाट वातावरणमा पर्न सक्ने प्रभावको बारेमा सम्बन्धित गा.वि.स., विद्यालय, स्वास्थ चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना २०७२/१२/१८ मा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै यसै बमोजिमको राय सुझाव स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौमा पनि पठाउन सकिनेछ।

## राय सुझाव पठाउने ठेगाना :

**जिल्ला विकास समितिको कार्यालय,**
**काभ्रेपलाञ्चोक**
**टेलिफोन नं.: ०११(४९०४९२**
**फ्याक्स् नं. : ०११(४९०१४६**

**जिल्ला प्राविधिक कार्यालय**
**जिल्ला आयोजना कार्यान्वयन इकाइ,**
**काभ्रेपलाञ्चोक**
**टेलिफोन नं.:०११(४९०४५९**

**भूकम्प आपतकालिन सहायता आयोजना**
**केन्द्रिय आयोजना कार्यान्वयन इकाइ,**
**ललितपुर**
**टेलिफोन नं.:०१(५५३२३३१**
**ईमेल : eeapdolidar@gmail.com**